# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

२०७३

गण्डकी प्रदेश, नेपाल

प.स.: २०८२/०८३

च.नं.:

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/१३ गते)**

बेनी नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा रिक्त रहेको देहायको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी यस कार्यालयको मिति २०८२।०५।१३ गतेको निर्णयानुसार तोकिए बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०८२।०५।२७ गते) भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | परीक्षा दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | जनस्वास्थ्य अधिकृत (अधिकृतस्तर सातौं) | १ (एक) | १००० (एक हजार रुपैयाँ) | |
| २ | २/०८२/०८३ | अ.न.मी. (सहायकस्तर चौथो) | १ (एक) | ६०० (छ सय रुपैयाँ) | |

१. **आवश्यक न्युनतम योग्यता :** जनस्वास्थ्य अधिकृतको हकमा जनस्वास्थ्य विषयमा स्नातक गरेको तथा अ.न.मी.का हकमा अ.न.मी./स्टाफ नर्स उत्तीर्ण गरेको।

२. **उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान** : बेनी नगर कार्यपालिकाको कार्यालय, बेनी, म्याग्दी

४. **छनौट किसिम** : प्रारम्भिक सूची, लिखित तथा अन्तर्वार्ता

५. **आवेदक स्वयंले प्रमाणित गरी देहायका कागजातको प्रतिलिपि दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ।**
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
   ख) न्यूनतम योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   ग) न्यूनतम योग्यताको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि
   घ) अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
   ङ) पासपोर्ट साईजको फोटो २ प्रति

६. **सेवा सुविधा** : नगरपालिकाको निर्णयानुसार हुने।

७. **दरखास्तसँग सम्बन्धित अन्य विषय:**
   क) तोकिएको समयावधि भित्र पेश नभएका तथा रीत नपुगेका आवेदनलाई मान्यता दिइने छैन।
   ख) स्थानीयबासीलाई प्राथमिकता दिइनेछ।
   ग) दरखास्त फाराम बेनी नगर कार्यपालिकाको कार्यालय तथा नगरपालिकाको वेबसाइट www.benimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
   घ) थप जानकारीका लागि बेनी नगरपालिकाको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत